# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसमार्ग, चितवन
बागमती प्रदेश, नेपाल


मितिः २०८२/०४/१३

## लम्पि स्किन रोग सम्बन्धी अत्यन्तै जरुरी सुचना

लम्पि स्किन रोग गाई भैंसिहरुमा देखिने विषाणुजन्य (भाईरल) सरुवा रोग हो । यो रोग बिशेषगरी गर्मि समयमा पाईने लामखुट्टे, झिंगा, किर्ना, भुसुना, डाँस आदिको टोकाईबाट सर्ने गर्दछ । साथै संक्रमित पशुसंगको प्रत्यक्ष सम्पर्क वा संक्रमित पशुलाई एक ठाँउ देखि अर्को ठाँउमा ओसारपोसार गर्दा पनि यो रोग फैलने गर्दछ ।

**रोगका लक्षणहरुः**

१) पशुलाई ज्वरो आउने, दाना पानी कम खाने

२) छालामा १-५ से.मि. सम्मका साह्रो गिर्खाहरु देखा पर्ने

३) गिर्खाहरु बिस्तारै पाक्दै जाने, फुट्ने अनि घाउ बन्ने

४) पशु झोक्राउदै जाने, कमजोर हुने र दुध उत्पादन कम हुदै जाने

**रोकथाम तथा नियन्त्रणका उपायहरुः**

१) स्वस्थ्य पशुलाई अनिबार्य रुपमा खोप लगाउने

२) आफ्नो गोठ/फर्म वरिपरिको सरसफाईमा बिशेष ध्यान दिने

३) सम्भव भएसम्म लामखुट्टे, झिंगा, किर्ना, भुसुना, डाँस आदिको नियन्त्रण गर्ने

४) रोगका लक्षण देखाएका पशुहरुलाई छुट्टाएर अलग्गै राख्ने

५) संक्रमित ठाँउहरुबाट पशुको ओसारपोसार नगर्ने, पशुहरुको ओसारपोसार गर्दा अनिबार्य रुपमा दर्तावाल पशु चिकित्सक बाट जारी हुने भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्ने

**नोटः तपाईका पशुहरुमा पनि माथि उल्लेखित भएबमोजिमका लक्षणहरु देखा परेका छन भने कालिका नगरपालिका पशु सेवा शाखा तथा पशु सेवा केन्द्रहरुमा यथासिघ्र जानकारी गराउनुहुन अनुरोध छ ।**

2082/04/13

डा. राजु प्रसाद न्यौपाने
पशु सेवा शाखा प्रमुख

2082/4/13

देवराज चौलागाई
प्रमुख प्रशासकिय अधिकृत